दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

प.सं:२०७७।०७८
च.नं :

मिति :२०७७/१०/१५

*पशुपालक कृषकहरुलाई आबस्यक मेशिनरी औजार/सामाग्रीका लागि आबेदन दिने बारेको सुचना।*

प्रस्तुत बिषयमा यस दंगीशरण गाउँपालिकाको आ.ब. २०७७।०७८ को स्विकृत कार्यक्रम अनुसार ब्यबसायिक पशुपालक कृषकहरुलाई तपशिल बमोजिमका मेशिनरी औजार/सामाग्री बितरण कार्यक्रम रहेकोले आ. ब २०७६/०७७ को असार मसान्त सम्म सम्बन्धित निकायमा दर्ता भएका तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक ब्यबसायिक पशुपालन फार्म/पशुपालक कृषक समुह/ पशुपालन सहकारी हरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयको पशुसेवा शाखामा कार्यालय समय भित्र निबेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ। प्रक्रिया नपुगि तथा म्याद नाघि आयको निबेदन दर्ता हुने छैन। साथै यस सम्बन्धि थप जानकारीको लागि गाउँपालिकाको पशु सेवा शाखामा सर्म्पक गर्नुहून अनुरोध छ।

| क.सं | कार्यक्रमको नाम | निबेदन दिने सक्ने ब्यबसायिक फार्म कृषक समुह/सहकारी | कैफियत |
|---|---|---|---|
| १ | दुग्ध उत्पादक कृषकहरुलाई मिल्क क्यान बितरण कार्यक्रम | दर्तावाल गाई वा भैसी फार्म | कम्तीमा ५ माउ दुधालु गाई वा भैसी हुनुपर्ने। |
| २ | दुग्ध उत्पादक कृषकहरुलाई पावर स्प्रे बितरण कार्यक्रम | दर्तावाल गाई वा भैसी फार्म | कम्तीमा ५ माउ दुधालु गाई वा भैसी हुनुपर्ने। |
| ३ | पशुपालक कृषकहरुलाई बिद्युतिय च्यापकटर बितरण | दर्तावाल गाई/भैसी/बाखा फार्म | कम्तीमा ५ माउ गाई वा भैसी वा २० वटा बाखा हुनुपर्ने। |
| ४ | पोर्टेबल डिपिङ ट्याकि बितरण कार्यक्रम | बाखापालक समुह/समिति/सहकारी | |

**निवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु :**

१.निबेदन (एक भन्दा बढि कार्यक्रम माग गर्न चाहानेले निबेदनमै कार्यक्रमको प्राथामिकिकरण गर्नुपर्ने छ)

२.सम्बन्धित निकायमा पशुपालन समुह /सहकारी/संस्था/समिति/पशुपालन फार्म दर्ता तथा नबिकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३.फार्म रहेको स्थानको (जग्गा /जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको सम्झौतानामा।

४.निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि।

५.फार्मको संरचना (पालिएका पशु समेत आउने गरि) को फोटो।

६.कार्य समितिको निर्णयको प्रतिलिपि।(सामुहिक फार्म, समुह,समिति वा सहकारी भए मात्र)

७.करचुक्ता गरेको रसिदको प्रतिलिपि।

८.वडा कार्यालयको सिफारिस पत्र।

नि.प्रमुख प्रशासकीय अधिकृत